# भरतपुर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन, नेपाल
# BHARATPUR METROPOLITAN CITY
## Office of Municipal Executive
Bharatpur, Chitwan, Nepal


**पशु सेवा कार्यक्रममा प्रस्तावना आव्हानको सूचना**
**सूचना नं. २-२०७८/०७९ (पशु सेवा)**
**प्रथम पटक सूचना प्रकाशन मितिः २०७८/०७/२९**

भरतपुर महानगरपालिकाको आर्थिक वर्ष २०७८/०७९ को स्वीकृत पशु विकास सेवा कार्यक्रम अनुसार भरतपुर महानगरपालिका भित्र प्रति लिटर दुधमा रू. ३।- अनुदान दिने कार्यक्रम कार्यान्वयनका लागि कार्यविधिमा तोकिएको मापदण्ड पुरा गरेका सहकारी / निजि फार्महरूले यो सूचना प्रकाशन भएको मितिले ३० (तीस) दिन (२०७८/०८/२८ ) भित्र कार्यालय समयमा शाखामा प्रस्तावना पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । कार्यविधिमा तोकिएका मापदण्ड पुरा नभएका र म्यादभित्र पेश नभएका प्रस्तावनाहरू दर्ता गरिने छैन । कार्यविधि भरतपुर महानगरपालिकाको वेवसाइट **www.bharatpurmun.gov.np** बाट डाउनलोड गर्न सकिने छ ।
विस्तृत जानकारीको लागि कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन शाखा वा फोन नं. ०५६-५३२०३७ वा नजिकको पशु सेवा केन्द्रहरूमा सम्पर्क गर्न सकिने छ ।

| क्र.सं | कार्यक्रमको नाम | स्विकृत परिमाण | बजेट अनुदान | आवेदक | कार्यान्वयन प्रकृया |
|---|---|---|---|---|---|
| १ | प्रति लिटर दुधमा रू. ३।- अनुदान दिने | १ करोड ७० लाख लिटर | ५ करोड १० लाख | दुग्ध उत्पादक सहकारी संस्थ / निजि डेरी फर्म | भरतपुर महानगरको पशु सेवा कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७८" अनुसार |

**प्रस्तावकको योग्यता एवं प्रस्तावनासाथ पेश गर्नुपर्ने कागजातहरूः**

क. संस्था/फार्म दर्ता गरेको प्रमाण पत्रको प्रतिलिपी । (फार्म/संस्था महानगर वा वडा कार्यालयमा दर्ता भएको हुनुपर्नेछ) ।
ख. प्रत्येक कृषकले पशु विमा गरेको प्रमाण संलग्न गर्नुपर्नेछ ।
ग. आधिकारिक च्यानल (Formal Channel) मा दैनिक दुग्ध कारोवार गरेको प्रमाणित अभिलेख ।*(आधिकारिक च्यानल भन्नाले नेपाल सरकारको स्वामित्वमा सञ्चालित दुग्ध संकलन र कारोवार गर्ने संस्थालाई जनाउने छ)* ।
घ. सहकारी संस्थाहरूले तपसिलको फर्मेट अनुसार कृषकको नामावली सहितको वार्षिक दुध संकलन विवरण प्रमाणित गरि पेश गर्नुपर्नेछ । यो फर्मेट अनुसारको विवरण युनिकोड फण्टमा टाइप गरी ई-कपी समेत शाखामा पेश गर्नुपर्नेछ ।

**तपसिल**

| क्र. सं. | कृषकको नाम | सम्पर्क नम्बर | पशु विमा गरेको संख्या | बैंक खाता नम्बर | खाता रहेको बैंकको नाम | वार्षिक खरिद गरेको दुध लिटर | कृषकको दस्तखत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

महाशाखा प्रमुख


056-520167, 521467, 530062, 526951, 522252, Fax: 056-520014
E-mail: bmc@ntc.net.np / website: bharatpurmun.gov.np
(मन्त्रि परिषद्‌बाट महानगरपालिका घोषणा मिति फागुन २७, २०७३)

# भरतपुर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन, नेपाल
## BHARATPUR METROPOLITAN CITY
## Office of Municipal Executive
Bharatpur, Chitwan, Nepal


ङ. संस्थाहरूको हकमा वार्षिक साधारण सभा गरेको प्रमाण ।

च. आन्तरिक राजश्व कार्यालयमा दर्ता र नविकरण भएको प्रमाणपत्र।

छ. लेखा परिक्षण प्रतिवेदन ।

ज. सम्बन्धित वडा कार्यालय, महानगरको सहकारी शाखा र सम्बन्धित पशु सेवा केन्द्रको सिफारिस । निजी फार्मको हकमा सहकारी शाखाको सिफारिस आवश्यक नपर्ने ।

झ. आवेदन दस्तुर वापत अनुदान दावी गरिएको रकम रू. एक लाखसम्म भए रू. १००।-, एकलाख माथि रू. पाँच लाखसम्म भए रू. ३००।- र रू. पाँच लाख माथि भए रू. ५००।- सम्बन्धित वडा कार्यालयमा तिरेको सक्कल राजश्व रसिद ।

०७८/६/२८

.....................

तेजेन्द्र प्रसाद पौडेल

प्रमुख आर्थिक विकास महाशाखा

महाशाखा प्रमुख


056-520167, 521467, 530062, 526951, 522252, Fax: 056-520014

E-mail: bmc@ntc.net.np / website: bharatpurmun.gov.np

(मन्त्रि परिषद्वाट महानगरपालिका घोषणा मिति फागुन २७, २०७३)